काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २३२ ❐ बिहीवार, २१ जेठ, २०८३ ❐ Thursday, 4 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

सुर्खेतमा महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता हुँदै



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २० जेठ

सुर्खेतमा १९ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिता हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान) को वार्षिक कार्यक्रमअनुसार कर्णाली प्रदेश क्रिकेट संघको आयोजनामा प्रतियोगिता यही जेठ २२ गतेदेखि असार १ गतेसम्म प्रतियोगिता सञ्चालन हुन लागेको हो। सन् २०२७ मा बंगलादेश र नेपालमा संयुक्त रुपमा आयोजना हुने महिला विश्वकप क्रिकेटमा प्रतिनिधित्व गर्ने नेपाली टोलीमा समावेश हुने महिला खेलाडीको छनोटका लागि यो प्रतियोगिता हुन लागेको हो।

बुधलबार वीरेन्द्रनगरमा पत्रकार सम्मेलन गर्दै क्यान कर्णाली प्रदेशले प्रतियोगिताको तयारी पूरा भएको जनाएकोछ। क्यानका कोषाध्यक्ष पदमबहादुर खड्काले प्रतियोगितामा देशका सातवटै प्रदेशका महिला टोलीहरुको सहभागिता रहने जानकारी दिए। महिला क्रिकेटको इतिहासमा कर्णालीमा हुन लागेको यो पहिलो राष्ट्रिय प्रतियोगिता भएकाले यसलाई ऐतिहासिक अवसरका रूपमा लिईएको उनले बताए।

खड्काले गत वर्ष सफलतापूर्वक सम्पन्न गरिएको यू-१६ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितापछि कर्णालीले दोस्रोपटक राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्ने अवसर पाएको बताए। यसले प्रदेशको क्षमता र सम्भावनालाई थप उजागर गर्ने कोषाध्यक्ष खड्काले बताए। प्रतियोगिताले देशभरका प्रतिभावान महिला क्रिकेटरलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै कर्णालीलाई राष्ट्रिय खेलकुद गतिविधिको महत्वपूर्ण केन्द्रका रुपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए। प्रतियोगिताका लागि खेल मैदान, आवास, यातायात, सुरक्षा, स्वास्थ्य सेवा लगायतका सम्पूर्ण व्यवस्थापकीय तयारी तीव्ररुपमा अघि बढाईएको अयोजक संस्थाले जनाएको छ। आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा समेत यो प्रतियोगिताले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिईएको कोषाध्यक्ष खड्काको भनाइ छ। प्रतियोगितामा विजेता टोलीले ५ लाख रुपैयाँ तथा उपविजेता टोलीले ३ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् त्यसैगरी सर्वोत्कृष्ट खेलाडीलाई ४० हजार, उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई जनही २५ हजार रुपैयाँ तथा प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' हुने खेलाडीलाई ३ हजार रुपैयाँ प्रदान गरिनेछ। प्रतियोगिताअन्तर्गत २२ वटा खेलहरु हुनेछन्। ती खेलहरु वीरेन्द्रनगरको कालुडचोक र कर्णाली रंगशाला नजिकैको मैदानमा सञ्चालन गरिनेछ।

कर्णालीको नीति तथा कार्यक्रम

महत्वाकांक्षा बढी, कार्यान्वयनमा आशंका



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २० जेठ

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार, पर्यटन, ऊर्जा, सुशासन र रोजगारीलाई केन्द्रमा राख्दै वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशनको पाँचौं बैठकमा प्रदेश प्रमुख यज्ञराज जोशीले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा अस्वस्थ महसुस गरेपछि मुख्यमन्त्री यामलाल कँडेलले पूर्ण पाठ वाचन गरेका थिए। प्रदेश सरकारले 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को दीर्घकालीन लक्ष्यलाई आधार बनाएर सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषि उत्पादन वृद्धि, स्वास्थ्य सेवा विस्तार, शिक्षाको गुणस्तर सुधार, रोजगारी सिर्जना, सडक सञ्जाल विस्तार र वित्तीय सुशासनलाई प्रमुख प्राथमिकता दिइएको छ।

प्रदेश सरकारले कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण गर्दै प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने नीति लिएको छ। पाँच हेक्टरभन्दा बढी क्षेत्रफलमा कृषि व्यवसाय गर्ने किसान तथा उद्यमीलाई कृषि ऋणको ब्याजमा शतप्रतिशत सहुलियत दिने घोषणा गरिएको छ। साथै रैथाने बाली संरक्षण, स्याउ खेती विस्तार, कृषि बीमा, माटो परीक्षण सेवा विस्तार तथा एक गाउँ एक व्यावसायिक फलफूल बर्गैचा कार्यक्रमलाई निरन्तरता दिइने भएको छ।

सरकारले कर्णाली हाई-भ्यालु क्रप करिडोर स्थापना गरी उत्पादन, प्रशोधन र बजारीकरणलाई एकीकृत मूल्य श्रृंखलामा आबद्ध गर्ने जनाएको छ। किसान, सहकारी र निजी क्षेत्रबीच करार खेती तथा सामूहिक खेतीलाई प्रोत्साहन गरिने नीति पनि लिइएको छ। स्वास्थ्य क्षेत्रमा प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्न कानुनी व्यवस्था गरिने भएको छ। अस्पतालहरूमा विशेषज्ञ चिकित्सकको व्यवस्था, स्वास्थ्य संस्थाको डिजिटल अभिलेख, विद्यालय नर्सिङ सेवा तथा 'लिटिल डाक्टर' कार्यक्रम सञ्चालन गरिने नीति कार्यक्रममा उल्लेख छ।

क्यान्सर, मुटु, मिर्गौला, अल्जाइमर, पार्किन्सन लगायत दीर्घरोगीको उपचारमा सहायता उपलब्ध गराइने सरकारको प्रतिबद्धता छ। नसर्ने रोग पहिचानका लागि समुदायस्तरमा स्वास्थ्य परीक्षण अभियान सञ्चालन गरिनेछ भने योग, ध्यान र मानसिक स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम पनि अघि बढाइने भएको छ। शिक्षा क्षेत्रतर्फ प्रदेश शिक्षा नीति र दशवर्षीय शिक्षा योजना तर्जुमा गरिने भएको छ। सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार, डिजिटल शिक्षाको विस्तार, शिक्षक क्षमता विकास तथा विद्यार्थी ड्रपआउट न्यूनीकरणमा जोड दिइनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षालाई रोजगारीसँग जोड्दै उत्पादन प्रशिक्षार्थी कार्यक्रम सुरु गरिने भएको छ।

युवा तथा रोजगार क्षेत्रलाई प्राथमिकता दिँदै सरकारले स्टार्टअप कर्जा कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ। युवा वैज्ञानिक प्रोत्साहन, उद्यमशीलता विकास, स्वरोजगार कार्यक्रम तथा वैदेशिक रोजगारीमा जाने नागरिकको अभिलेखीकरण गरी स्वदेशमै रोजगारी सिर्जना गर्ने नीति लिइएको छ।

पर्यटन प्रवर्द्धनका लागि सरकारले आगामी दशकलाई 'कर्णाली पर्यटन दशक' का रूपमा मनाउने घोषणा गरेको छ। 'संसारको गन्तव्य नेपाल, नेपालको गन्तव्य कर्णाली' नारासहित कर्णालीलाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा स्थापित गर्ने योजना अघि सारिएको छ। होमस्टे, ग्रामीण पर्यटन, पर्यापर्यटन र धार्मिक पर्यटनलाई विशेष प्राथमिकता दिइने भएको छ। पूर्वाधार विकासतर्फ सरकारले एक स्थानीय तह-एक सर्वयाम सडक कार्यक्रमलाई निरन्तरता दिएको छ।

सडक पहुँच नपुगेका स्थानीय तहलाई सडक सञ्जालसँग जोड्ने, कर्णाली करिडोर, भेरी करिडोर तथा उत्तर-दक्षिण सडक स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ। जोखिमयुक्त क्षेत्रमा पुल निर्माण तथा तुइन विस्थापन कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ।

सुर्खेत विमानस्थल विस्तारका लागि संघीय सरकारसँग सहकार्य गरिने र दीर्घकालीन रूपमा प्रादेशिक विमानस्थल निर्माणका लागि पहल गरिने भएको छ। विद्युतीय सार्वजनिक यातायात प्रवर्द्धन, चार्जिङ स्टेशन विस्तार र स्मार्ट

बाँकी पृष्ठ २

ओलीको घोषणा- पार्टी अप्ठ्यारोमा परेको बेला नेतृत्व छाड्दिनँ

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २० जेठ

एमाले अध्यक्ष केपी ओलीले पार्टी अफ्ठ्यारो अवस्थामा रहेको भन्दै नेतृत्व तत्काल नछाड्ने बताएका छन्। बुधवार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै पुस ३ गते अप्ठ्यारो अवस्थाको पनि सामना गर्नका लागि आफूलाई अध्यक्ष छानेको बताए।



उनले भने, 'अनुकूल वातावरण बन्यो भने, प्रधानमन्त्री खान पाइने भो भने, कस्सिएर अगाडि बढ्नु र प्रधानमन्त्री खानु, अप्ठ्यारो अवस्था आयो भने झोला फ्याँकेर भागिहाल्नु भनेर होइन। त्यसका निम्ति होइन, जस्तोसुकै परिस्थिति आए पनि सङ्घर्षको नेतृत्व गर्नु, पार्टीको नेतृत्व गर्नु भनेको सङ्घर्षको नेतृत्व गर्नु हो। सङ्घर्षको नेतृत्व गर्नु, अप्ठ्यारो अवस्था आएकै छ, त्यस अप्ठ्यारो अवस्थाको पनि सामना गर्नका लागि तयारी गर्नु भनेर मलाई अध्यक्ष छानेको हो।'

उनले आफूले नेतृत्व छाड्छ भन्ने कुनै आशङ्का नराख्न आग्रह गरे। उनले थपे, 'मैले बीचमै झोला फ्याँकेर अलपत्रै छोडेर हिँड्ने हो कि भन्ने, त्यो आशङ्का मनमा नलिनुहोला। म अप्ठ्यारो परिस्थितिसँग जुधेर, पार्टीलाई अगाडि बढाएर, पार्टीलाई सफलतामा पुऱ्याएर अनि विश्राम लिनुपर्ने अवस्थामा विधिसम्मत पार्टीका आफ्ना विधान, विधि, प्रक्रिया छन्, त्यसबमोजिम मैले विश्राम लिने स्थिति बन्छ।'

पार्टी, आन्दोलन र देशलाई यस चुनौतीको सामना गर्दै अगाडि बढाउने सङ्कल्प दृढ रहेको बताए। उनले विद्या भण्डारीले सदस्यता नवीकरणको लागि आवेदन दिएकाले अहिले दिएको बताए। उनले भने, 'विद्या भण्डारीजीको कुरा अहिले पनि उठिराखेको छ। उठाउनै पर्दैन, उहाँ राष्ट्रपति भएका बेला सदस्य हुनुहुन्थ्यो। नभएको सदस्यता नवीकरण हुँदैनथ्यो। अस्ति भर्खर उहाँले आवेदन दिनुभयो। आवेदन दिएपछि कमिटीले उहाँको सदस्यता दियो। यसमा भ्रम राख्नु पर्दैन।'

रवि मोदी भेट, कूटनीतिको नयाँ युगमा प्रवेश गर्ने कुरामा संवाद

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २० जेठ

पाँचदिने भारत भ्रमणमा रहेका सत्तारुढ दल रास्वपाका सभापति रवि लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग एक घण्टा वार्ता भएको जनाएका छन्। उक्त भेटवार्ता फलदायी रहेको सभापति लामिछानेले जनाएका छन्।



एक घण्टा लामो भेटवार्ता अत्यन्त उपयोगी र फलदायी रहेको बताउँदै सभापति लामिछानेले नेपाल र भारतले विगतका सीमितता र बाधाहरूलाई पार गर्दै विकास-कूटनीतिको नयाँ युगमा प्रवेश गर्ने कुरामा संवाद गरेको जानकारी दिए।

भेटवार्ताका क्रममा दुवै पक्षले साझा सभ्यतागत सम्बन्ध, डिजिटल करिडोरहरू र सहज कनेक्टिभिटीमा केन्द्रित भएर प्रगति र आपसी विश्वासमा आधारित साझेदारी निर्माण गर्न सक्नेमा विश्वास लिएका छन्।

साथै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले नेपाल र भारतका जनताका लागि साझा समृद्धिको दिशामा यी सम्भावनाहरूलाई व्यवहारमा रूपान्तरण गर्न उत्सुकता व्यक्त गरेको पनि सभापति लामिछानेले जनाएका छन्।

भेटपछि मोदीको एक्स (ट्विटर) पोस्टलाई सेयर गर्दै लामिछानेले लेखेका छन्-

आज सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको एक घण्टाको अत्यन्त उपयोगी र फलदायी वार्तामा सहभागी हुन पाउनु वास्तवमै ठूलो खुशीको विषय थियो।

म तपाईंको त्यो दृष्टिकोणसँग सहमत छु, जसमा नेपाल र भारतले विगतका सीमितता र बाधाहरूलाई पार गर्दै विकास-कूटनीतिको नयाँ युगमा प्रवेश गर्ने कुरा समावेश छ।

साझा सभ्यतागत सम्बन्ध, डिजिटल करिडोरहरू र सहज कनेक्टिभिटीमा केन्द्रित भएर हामीले वास्तवमै प्रगति र आपसी विश्वासमा आधारित साझेदारी निर्माण गर्न सक्छौं।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नेपाल र भारतका जनताका लागि साझा समृद्धिको दिशामा यी सम्भावनाहरूलाई व्यवहारमा रूपान्तरण गर्न उत्सुकता व्यक्त गरेको छ।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

बिहीवार, २१ जेठ, २०८३
Thursday, 4 June 2026

सम्पादकीय

संविधानले दिएको अधिकार व्यवहारमा लागू गर

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हक सुनिश्चित गरेको छ । तर संविधानका सुन्दर शब्दहरू व्यवहारमा कति कार्यान्वयन भएका छन् भन्ने प्रश्न सुर्खेतको वीरेन्द्रनगर-११ स्थित झुप्रा खोला किनारमा बसोबास गर्ने बादी समुदायको जीवनले उठाइरहेको छ । राजधानी सहरमै बसोबास गर्ने नागरिकहरू आज पनि प्रदूषित खोलाको पानी पिउन बाध्य हुनु राज्यका लागि लज्जाको विषय हो । खानेपानी कुनै विलासिताको वस्तु होइन, यो मानव जीवनको आधारभूत आवश्यकता हो । तर झण्डै डेढ सय घरपरिवार रहेको बादी बस्तीमा सुरक्षित खानेपानीको पहुँच अझै सुनिश्चित हुन सकेको छैन । खोलाको किनारमै बसोबास गरे पनि उनीहरूले स्वच्छ पानी उपभोग गर्न पाएका छैनन् । प्रदूषित पानीकै कारण टाइफाइड, झाडापखाला लगायतका सरसफाइजन्य रोगको जोखिम निरन्तर बढिरहेको छ ।

दशकौंदेखि त्यही क्षेत्रमा बस्दै आएका स्थानीयहरूका अनुसार पहिले झुप्रा खोलाको पानी पिउन योग्य थियो । तर अनियन्त्रित नदीजन्य पदार्थ उत्खनन्, फोहोर व्यवस्थापनको अभाव र वातावरणीय बेवास्ताका कारण अहिले खोलाको पानी प्रयोग गर्न समेत डर लाग्ने अवस्था सिर्जना भएको छ । स्थानीय सरकारको राजस्वमुखी सोचले वातावरणीय जोखिम बढाएको मात्र छैन, विपन्न समुदायको जीवनलाई झन् असुरक्षित बनाएको छ । सबैभन्दा दुःखद पक्ष के छ भने समस्या नयाँ होइन । वर्षौंदेखि स्थानीयले खानेपानीको माग गर्दै आएका छन् । विभिन्न निकायमा पुगे, आग्रह गरे, तर समाधान भएन । केही वर्षअघि गैरसरकारी संस्थाको सहयोगमा निर्माण गरिएको खानेपानी प्रणालीसमेत दिगो बन्न सकेन। पाइप बिग्रिने, आगलागीले क्षति पुऱ्याउने र मर्मत नहुने समस्याले सेवा अवरूद्ध हुने गरेको छ । राज्यले गर्नुपर्ने काम फेरि दातृ संस्थाले गर्नुपरेको अवस्था आफैंमा विडम्बना हो । बादी समुदाय सामाजिक, आर्थिक र शैक्षिक रूपमा पहिले नै पछाडि पारिएको वर्ग हो । यस्तो समुदायलाई आधारभूत सेवा उपलब्ध गराउनु राज्यको विशेष दायित्व हुनुपर्छ । तर व्यवहारमा उनीहरू अझै उपेक्षा र विभेदको सिकार भइरहेका छन् । संविधानले समान अधिकारको ग्यारेन्टी गरे पनि व्यवहारमा समान अवसर र सुविधा सुनिश्चित हुन नसक्दा सामाजिक न्यायको अवधारणा कमजोर बन्दै गएको छ ।

वीरेन्द्रनगर नगरपालिका र सम्बन्धित निकायहरूले अब यस समस्यालाई सामान्य विषय ठानेर पन्छिन मिल्दैन । खानेपानीको स्थायी व्यवस्था, नदीजन्य पदार्थको वैज्ञानिक व्यवस्थापन तथा बस्ती संरक्षणका कार्यक्रम तत्काल कार्यान्वयन गर्न आवश्यक छ । नागरिकलाई स्वच्छ पानी उपलब्ध गराउनु दया वा सहयोगको विषय होइन, राज्यको संवैधानिक दायित्व हो । झुप्रा खोला किनारको बादी बस्तीले मागेको कुरा ठूलो विकास आयोजना होइन, केवल स्वच्छ खानेपानी हो । जबसम्म राज्यले यस्ता आधारभूत अधिकार सुनिश्चित गर्न सक्दैन, तबसम्म समावेशी विकास र सामाजिक न्यायका नाराहरू भाषणमा सीमित रहनेछन् । अब प्रश्न एउटै छ, संविधानले दिएको अधिकार व्यवहारमा कहिले पुग्छ बादी बस्तीका घरघरमा ?

के बालेनलाई बोल्न आउँदैन ?



✍ नारायण पौडेल

शिक्षकले भन्यो- मलाई पढाउन आउँदैन । वकिलले भन्यो- मलाई तर्क गर्न आउँदैन । पत्रकारले भन्यो- मलाई सूचना केलाउन आउँदैन । डाक्टरले भन्यो- मलाई बिरामी हेर्न आउँदैन । तपाईंले त्यस्तो कुरालाई विश्वास गर्नुहुन्छ ? पक्कै गर्नुहुन्न । विश्वास गर्नुभयो भने त्यो व्यक्तिलाई शिक्षक, वकिल, पत्रकार, डाक्टर मान्न तपाईं तयार हुनुहुन्न । अनि, तपाईं च्यापर बालेनले मलाईं बोल्न आउन्न भनेको सहजै विश्वास गर्नुहुन्छ ? च्यापरको कला नै शब्दद्वारा ब्याटल गर्नु हो । मेयरको उम्मेदवार हुँदा बालेनले भनेका थिए- हिजोआज मैले बोल्दा पनि पैसा कमाउँछु, वक्ता बनेर स्कुल कलेजमा जान्छु, पैसा कमाउन मलाई मेयर हुनुपर्छ र ?

मोटिभेस्नल स्पीकरका रूपमा पैसा कमाएको दाबी गर्ने बालेनका त्यतिबेलाका अन्तर्वार्ता सुन्नुभयो भने तार्किक लाग्छन् । काठमाडौंको वायुमण्डलको धुलो मेसिन लगाएर सफा गर्ने भनी जादुमयी योजना सुनाउने यीनै बालेन होइनन् ? सञ्चारमाध्यमका लागि अहिले अलौकिकजस्तो लागे पनि त्यतिबेला बालेनले धाइधाइ कर्णप्रिय अन्तर्वार्ता दिन्थे । काठमाण्डौंको कला, संस्कृतिका बारे हुनुसम्मको पारंगत सुनिन्थे । कठिन प्रश्नलाई पनि उनी सहजै तर्काउथे । उदाहरणका लागि- सुनिता डंगोलले एमपी थिएटर बनाउँछौं, च्यापरहरूलाई गीत गाउन लाउँछौ भन्नुभएको छ, तपाईं के भन्नुहुन्छ ? भनी पत्रकारले सोधे । उनले जवाफ दिए- ठीक हो, मेयरले गाएको, उपमेयर नाँचेको राम्रै देखिन्छ ।

क्या सटिक जवाफ ।

बोल्नमा पोक्त बालेनले पछिल्लो समय भन्न थालेका छन्- मलाई बोल्न आउन्न, काम गर्न आउँछ । यो भन्नु नै सबैभन्दा बोल्न जानेको प्रमाण होइन र ? आफूलाई एउटै वाक्यमार्फत कर्मयोगी देखाउने यो भन्दा अर्को सुत्र अरु के होला ? अहिले बुढापाकासमेतले भन्न थालेका छन्- बरा बालेन बोल्दैन, खुरु खुरु काम गर्छ ।

बालेनले जनकपुरको भाषणमा दाबी गर्रे- म पहिला यहाँ आउन पाइनँ, भाषण पनि गरिनँ । किनकि मलाई फुर्सदै भएन, काममै व्यस्त रहेँ । त्यस्तो दाबी गर्ने बालेन सम्भवतः सबैभन्दा बढी व्यक्तिगत जीवन जिउने मेयरमा पर्थे । कहिले पोखरा पुगेर बोटिङ गर्थे, कहिले आफ्ना भित्रियासँग रमाइलो गरेर च्याप हान्थे, नाइट क्लबमा लड्किथे, कहिले बीच बाटोमा रोकिएर हप्याक भयो भन्दै हसाउँथे । देशका अन्य मेयरलाई जस्तो दिनरात मतदाताका व्यक्तिगत सवालमा उनलाई मुछिन परेन । भिन्दै लिफ्ट र प्राइभेट क्याबिनमा उनको कार्यकाल बित्यो । उनी मेयर रहेको महानगर कार्यप्रगतिमा कहिल्यै पहिलो भएन तर उनलाई जनमानसमा नम्बर वान मेयर हुनबाट कसैले रोक्न सकेन ।

मेयरको उम्मेदवार बन्नुपूर्व बालेन आम रूपमा परिचित थिएनन् । उनैले भने अनुसार कल कान्तिपुरमा आफ्नो नाम आओस् भन्ने धोको पूरा गर्न नियमित रूपमा फोन डायल गरिबस्थे । मेयरको निर्वाचनअघि बालेनले सयौँ व्यक्तिसँग समय मागेर भेटघाट गर्थे । राजेशपायल राईदेखि राजेन्द्र पुरीसम्म, युवराज संङ्रौलादेखि पीएल सिंहसम्मलाई उनले ज्ञान र अनुभवका लागि अनुनय गरेका थिए । विज्ञहरूसँगको भलाकुसारीका कारण उनको बोली परिपक्व सुनिन्थ्यो जब मेयर भए- उनको शैली फेरियो ।

सामाजिक सञ्जालले बालेन जहाँ उभिन्छन्, ज्ञानको लेन त्यहीबाट सुरु हुनेजस्तो माहौल बनाइदियो । बालेनले जे गरे पनि वाहवाही हुन थाल्यो । बालेनले सिंहदरबार जलाउँछु भन्दा पनि सञ्जालले क्या बात भन्दियो । मेयर हुनलाई धाइधाइ अन्तर्वार्ता दिने बालेन मेयर निर्वाचित भएपछि प्रश्नको सामना गर्न तयार भएनन् । प्रश्नलाई निषेध गरेपछि जवाफ दिइरहनै परेन । जवाफ दिन नपरेपछि अध्ययन गर्नै परेन ।

मेयरको निर्वाचनताका आफ्ना कार्यक्रम र रणनीतिबारे बिजुली शैलीमा अभिव्यक्त हुने बालेन संसदको निर्वाचनमा रणनीति सार्वजनिक गरे अरुले चोर्दिन्छन् भन्ने स्तरमा झरिसकेका थिए । केही ठाउँमा छोटो मन्तव्य दिए, हरेक मन्तव्यमा देशलाई घात हुने गरी बोले । तर, सञ्जालले वाहवाही गरिरह्यो । सार बुझ्न शायदै कसैले चाह्यो ।

बालेनले वाचा गरेअनुसार अटोनोमस राज्य बनाउन सीके राउतले लिखित रूपमा सुझाव दिइसकेका छन् । यस्तो गम्भीर सवालमा समाज लगभग निन्द्रामा छ ।

पहिले प्रदेशतर्फको मतदान गर्न इन्कार गरेर संघीयताको विपक्षमा रहेको सन्देश दिएका थिए बालेनले । जनकपुर झरेपछि उनले प्रदेशलाई थप मजबुत बनाउने कुरा मात्र गरेनन्, अब काठमाडौं पशुपतिनाथ, स्वयम्भूनाथ घुम्न जाने हो, अधिकार माग्न काठमाडौं जाने होइन भनेर बोले । के काठमाडौंसँग जनकपुरको सम्बन्ध पर्यटकीय र सांस्कृतिक मात्र हो ? जनकपुरमा उनले बोलेको भाषण कम्पलिट अटोनोमस राज्यको अवधारणा हो । सीके राउतदेखि उपेन्द्र यादवले समेत माग्न छोडेको अटोनोमस राज्यका लागि बालेनले प्रतिज्ञा गरिदिए बालेनले वाचा गरेअनुसार अटोनोमस राज्य बनाउन सीके राउतले लिखित रूपमा सुझाव दिइसकेका छन् । यस्तो गम्भीर सवालमा समाज लगभग निन्द्रामा छ ।

रुल बाइ ल लोकतान्त्रिक राज्यको मूल चरित्र हो । तर बालेनले कैलालीमा ठेकेदारलाई रुखमा बाँधेर हुन्छ कि भुइँमा लडाएर हुन्छ, काम गराउने हो भनेर बोले । रुखमा बाँध्न र भुइँमा लडाउन माओवादीको जनअदालत छँदै थियो, नयाँ संविधान र कानुनका लागि यत्रो तमासा गरिरहनै पर्ने थिएन ।

चितवनमा उनले देशको सबैभन्दा ठूलो निजी कम्पनी सीजीलाई सखाप पार्ने गरी आरोपित गरे । सीजीको उत्पादन वाइवाइलाई कांग्रेस वाइवाइ घोषणा गरे । अन्तर्राष्ट्रिय ब्रान्ड वाइवाइमाथि निम्न स्तरको छेदन गर्दा पनि बालेनले वाहवाही पाए ।

बालेनका मिठासपूर्ण अभिव्यक्तिमा एकपछि अर्को विषाक्तता देखेपछि मैले डेड महिनाअघि सार्वजनिक रूपमै लेखेँ, बोलेँ-बालेन नबोलेकै बेस, बोल्दा पुग्छ देशलाई ठेस ! जेठ १७ गतेपछि बालेनको समर्थनमा पैरवी गर्नेहरूले पनि उनीबाट त्रुटि भएको टिप्पणी गरिरहेका छन् । तर, समर्थकको ठूलो हिस्सा उही शब्द-सुत्र दोहोऱ्याउँदै छ- बालेनलाई बोल्न आउँदैन, काम गर्न आउँछ ।

यो तर्क वा बचाउलाई बालेन स्वयमूले जेठ १७ गते संसदको रोस्ट्रममा उभिएर खारेज गरेका छन् । बोल्न नआउने प्रधानमन्त्रीले संसदमा अकस्मात उठेर जे सोध्नु छ सोध्नु भन्छ ? जबकि बोलक्कड प्रधानमन्त्री भनिएकाले पनि ४८ घण्टाको तयारी गरेर सवालजवाफ गर्थे, लिखित तथ्याङ्क र विवरणसहित उभिन्थे । बालेनलाई बोल्न नआएको होइन, बरु बालेनसँग देश सञ्चालनका लागि चाहिने ज्ञान, तयारी र सुझबुझको चरम अभाव खट्किएको हो । यस्को पुष्टि गर्न संसदमा उनले दिएको जवाफ काफी छ ।

गोपनीयताको कसम खाएको व्यक्तिले प्रधानमन्त्रीको हैसियतमा कुनै गोप्य कुरा थाहा पायो भने पनि सार्वजनिक रूपमा भन्न मिल्दैन ।

पहिलो कुरा तारबार नभएको खुला सीमाना भएका सीमावर्ती ठाउँमा दुई-चार हात यताउति जोतभोग हुनु सामान्य हो । यो कम्तीमा सीमा क्षेत्रका बासिन्दा र देशका बारे सामान्य जानकारी राख्नेका लागि नौलो होइन । तर, सबैभन्दा बढी अपेक्षा गरिएका, राजधानीको मेयर भइसकेका र मधेशको बेटाको रूपमा आफूलाई प्रस्तुत गरेका बालेनले यति सामान्य कुरा पनि प्रधानमन्त्री भएपछि मात्र थाहा पाएछन् ।

उनले संसदलाई यो प्रसंग यसरी सुनाएकी मानौं उनले नयाँ कुरा जानकारी दिँदै छन् । जोतभोगका कारण व्यक्तिगत रूपमा उल्झेका विवादलाई दुई देशबीचको विवादको रूपमा अर्थाए र, ठोकुवाको शैलीमा भने- नेपालले पनि भारतको भूमि मिचेको रैछ । देशले भूमि मिच्नु र व्यक्तिले व्यक्तिगततवरमा भोगचलन गर्ने कुरा आङ कि ताङ फरक हो भन्ने कुरा बालेनलाई थाहा रैनछ । भारतीय सेनाले बन्दुक सोझ्याएर कब्जा गरिराखेको लिपुलेक र मधेशको किसानले गोरु बाँध्न उपयोग गरिराखेको दसगजाको कथा-व्यथा उही हो ?

एकथरि मान्छे बडो हल्का रूपमा तर्क गर्दै छन्- बालेनले सत्य बोलेको हो, बालेन झस्केलाबाट आएर बोल्या होइन । मानौं बालेनले सत्य नै बोल्या हुन्, समस्याको उजागर गऱ्या हुन् ।

राष्ट्रियसभाले वैकल्पिक विकास वित्त परिचालन विधेयकमा सुझाव दिने अवसर गुमायो

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २० जेठ

राष्ट्रियसभामा वैकल्पिक विकास वित्त परिचालन विधेयकमा सुझाव दिने अवसर गुमाएको छ । संवैधानिक व्यवस्थाअनुसार प्रतिनिधिसभाले पारित गरेर पठाएपछि समयमै छलफल गर्न र पारित गर्न नसकेपछि राष्ट्रियसभाले सो विधेयकमा सुझाव दिने अवसर गुमाएको हो । संविधानमा अर्थसम्बन्धी विधेयक प्रतिनिधि सभामा मात्रै दर्ता हुने र प्रतिनिधि सभाले पारित गरेर पठाएको त्यस्तो विधेयक राष्ट्रिय सभाले १५ दिनभित्र प्रतिनिधि सभामै फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

वैकल्पिक विकास वित्त परिचालन विधेयक अघिल्लो प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले अर्थ विधेयकका रूपमा दर्ता गर्ने निर्णय लिएका थिए । त्यो विधेयक २०८२ पुस १८ गते प्रतिनिधि सभामा दर्ता भएको थियो । दफावार छलफलपछि विधेयक प्रतिनिधि सभाले जेठ ७ गते पारित गरेर राष्ट्रियसभामा पठाएको थियो संवैधानिक व्यवस्थाअनुसार विधेयक २२ गतेसम्म राष्ट्रियसभाले सुझावसहित पारित गरेर प्रतिनिधिसभामा फिर्ता गर्नुपर्ने थियो ।

संविधानको धारा १११ को उपधारा २ मा लेखिएको छ, ‘ प्रतिनिधिसभाले पारित गरेको अर्थ विधेयक राष्ट्रिय सभामा पठाइने छ । राष्ट्रिय सभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको १५ दिनभित्र कुनै सुझाव भए सुझावसहित प्रतिनिधिसभामा फिर्ता पठाउनु पर्नेछ ।’

संविधानमा व्यवस्था गरिएको समयभित्र राष्ट्रियसभाले विधेयक सुझावसहित पारित गरेर फिर्ता पठाएन भने प्रतिनिधिसभाले सिधै अगाडि बढाउन सक्ने व्यवस्था पनि संविधानमै छ । ‘उपधारा (२) बमोजिम अर्थ विधेयक प्राप्त गरेको १५ दिनसम्ममा राष्ट्रियसभाले सो विधेयक फिर्ता नगरेमा प्रतिनिधिसभाले प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेस गर्न सक्नेछ,’ संविधानको धारा १११ को उपधारा ४ मा लेखिएको छ ।

महत्वाकांक्षा...

यातायात व्यवस्थापन प्रणाली लागू गरिने

सरकारको योजना छ । ऊर्जा तथा जलस्रोत क्षेत्रमा जलविद्युत, खानेपानी, सिँचाइ र नवीकरणीय ऊर्जालाई समेटेर एकीकृत जलस्रोत विकास रणनीति तर्जुमा गरिने भएको छ ।

स्थानीय लगानीलाई प्रोत्साहन गर्दै जलविद्युत आयोजनामा कर्णालीवासीको शेयर लगानी बढाउने नीति सार्वजनिक गरिएको छ ।

खानेपानी क्षेत्रलाई प्राथमिकतामा राख्दै सरकारले एक घर एक धारा अभियानलाई निरन्तरता दिने जनाएको छ । भेरी लिफ्टिङ आयोजना, सुर्खेत र शारदा खानेपानी आयोजनाको निर्माण कार्यलाई तीव्रता दिइने भएको छ । वन तथा वातावरण क्षेत्रमा दिगो वन व्यवस्थापन, जडीबुटी प्रशोधन, हिमाली पाटन संरक्षण र दुर्लभ वन्यजन्तु संरक्षणका कार्यक्रम सञ्चालन गरिने छन् । वन डढेलो नियन्त्रण, जलाधार संरक्षण तथा जलवायु अनुकूलन कार्यक्रमलाई समेत प्राथमिकतामा राखिएको छ ।

सुशासन र प्रशासनिक सुधारतर्फ प्रदेश सरकारले प्रशासनिक पुनर्संरचना गर्ने घोषणा गरेको छ । दोहोरो कार्यक्षेत्र भएका निकाय गाभ्ने, विद्युतीय हाजिरी प्रणाली लागू गर्ने तथा सरकारी कार्यालयमा एकद्वार सेवा प्रणाली विस्तार गरिने भएको छ ।

प्रदेश सरकारले ‘हेल्लो मुख्यमन्त्री’ हटलाइन सेवा तथा ‘मुख्यमन्त्रीसँग नागरिक संवाद’ कार्यक्रम सुरु गर्ने घोषणा गरेको छ । नागरिकका गुनासा तत्काल सम्बोधन गर्ने प्रणाली विकास गरिने नीति कार्यक्रममा उल्लेख छ । वित्तीय सुशासनलाई विशेष जोड दिँदै सरकारले शून्य बेरुजु अभियान सञ्चालन गर्ने जनाएको छ । आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने, खर्चमा मितव्ययिता अपनाउने तथा ठूला र रणनीतिक आयोजनामा मात्रै लगानी केन्द्रित गर्ने नीति सार्वजनिक गरिएको छ । बहुवर्षीय तथा स्रोत सुनिश्चित भएका आयोजनालाई प्राथमिकतामा राख्दै आयोजना बैंक प्रणालीलाई थप व्यवस्थित बनाइने भएको छ ।

प्रदेश सरकारले स्थानीय तहको वित्तीय स्वायत्तता सुदृढ गर्न वित्तीय समानीकरण अनुदान वृद्धि गर्ने, आन्तरिक राजस्वका स्रोत विस्तार गर्ने तथा कर तिर्ने संस्कृतिको विकास गर्ने प्रतिबद्धता जनाएको छ । प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन, पूर्वाधार, रोजगारी र सुशासनलाई केन्द्रमा राख्दै समावेशी, सन्तुलित र दिगो विकासमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्य अघि सारेको छ । अब यी महत्वाकांक्षी योजना कार्यान्वयनको चरणमा कति सफल हुन्छन् भन्ने विषयले आगामी दिनमा प्रदेश सरकारको कार्यक्षमता र प्रतिबद्धताको वास्तविक परीक्षा लिनेछ ।

कर्णालीका तीन जिल्लामा दादुरा फैलियो



काँक्रेविहार संवाददाता
सुर्खेत, २० जेठ

कर्णाली प्रदेशका सुर्खेत, जाजरकोट र कालीकोट जिल्लामा दादुराको संक्रमण देखिएपछि स्वास्थ्य निकायहरू सतर्क बनेका छन् ।

तीनवटै जिल्लामा हालसम्म ११ जनामा दादुरा पुष्टि भएको छ भने संक्रमण फैलिन नदिन खोप अभियान, उपचार र निगरानीका कार्यक्रम तीव्र पारिएका छन् ।

स्वास्थ्य कार्यालयहरूका अनुसार सुर्खेतमा तीन जना, जाजरकोटमा चार जना र कालीकोटमा चार जनामा दादुरा संक्रमण पुष्टि भएको हो ।

संक्रमितमध्ये अधिकांश बालबालिका रहेका छन् भने उनीहरूलाई घरमै आइसोलेसनमा राखेर उपचार तथा निगरानी गरिएको छ ।

सुर्खेतको गुर्भाकोट नगरपालिका नौ मा ज्वरो र दादुरासँग मिल्दोजुल्दो लक्षण देखिएका बालबालिकाको नमुना परीक्षणका लागि पठाइएको थियो ।

परीक्षण गरिएका पाँच नमुनामध्ये तीन जनामा दादुरा पुष्टि भएको जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतले जनाएको छ । संक्रमितमध्ये १० महिनाका, दुई वर्षका र १५ वर्षका बालक रहेका छन् ।

जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका अनुसार रोजगारीका लागि भारत जाने परिवारका बालबालिका नियमित खोपबाट छुट्ने गरेका कारण संक्रमणको जोखिम बढेको देखिएको छ ।

संक्रमण नियन्त्रणका लागि गुर्भाकोट क्षेत्रमा १५ वर्षमुनिका करिब एक हजार तिन सय बालबालिकालाई दादुराविरुद्धको खोप लगाउने तयारी गरिएको छ ।

विगतमा खोप लगाउन छुटेका बालबालिकालाई पनि यस अभियान मार्फत समेटिने जनाइएको छ । जाजरकोटको भेरी नगरपालिका-११ स्थित कट्टीगाउँ क्षेत्रमा पनि दादुराको संक्रमण देखिएपछि स्थानीय विद्यालयहरू पाँच दिनका लागि बन्द गरिएका छन् ।

शिवशङ्कर माध्यमिक विद्यालयका विद्यार्थीमा संक्रमण पुष्टि भएपछि विद्यालय सञ्चालन रोकिएको हो । राष्ट्रिय प्रयोगशालाबाट आएको परीक्षण प्रतिवेदन अनुसार उक्त क्षेत्रमा चार जनामा दादुरा पुष्टि भएको छ ।

भेरी नगरपालिकाले संक्रमण प्रभावित क्षेत्रमा रहेका सबै बालबालिकालाई खोप लगाउने कार्य सम्पन्न नभएसम्म विद्यालय बन्द राख्ने निर्णय गरेको जनाएको छ ।

विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार दिइएको बिदा स्थानीय बिदाबाट समायोजन गरिने बताइएको छ ।

कालीकोटको खाँडाचक्र नगरपालिका ११ मा पनि चार जनामा दादुरा पुष्टि भएको छ । प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका अनुसार जाजरकोट र कालीकोटमा स्वास्थ्यकर्मी परिचालन गरी थप संक्रमण रोक्न आवश्यक कदम चालिएको छ ।

प्रभावित क्षेत्रमा खोप, स्वास्थ्य सामग्री र जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् । स्वास्थ्य अधिकारीहरूका अनुसार संक्रमितमध्ये अधिकांश भारतबाट फर्किएका परिवारका सदस्य वा विगतमा खोप नलगाएका बालबालिका हुन् ।

खुला सीमा र नियमित खोप अभियानबाट छुट्ने समस्या संक्रमण फैलिनुको प्रमुख कारणका रूपमा औंल्याइएको छ ।

संक्रमण नियन्त्रणका लागि जाजरकोटमा करिब चार हजार र कालीकोटमा पाँच सय बालबालिकालाई दादुराविरुद्धको खोप लगाउने तयारी गरिएको छ ।

स्वास्थ्यकर्मीहरूले अभिभावकलाई आफ्ना बालबालिकालाई नियमित खोप दिलाउन आग्रह गरेका छन् । सरकारले सन् २०२६ भित्र दादुरा उन्मूलन गर्ने लक्ष्य राखेको भए पनि विभिन्न जिल्लामा पुनः संक्रमण देखिन थालेपछि लक्ष्य हासिल गर्न चुनौती थपिएको स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

यसैबीच, जिल्ला खोप समन्वय समितिका संयोजक तथा सुर्खेत जिल्ला समन्वय समितिका प्रमुख गङ्गाराम सुनारले संक्रमण देखिएका क्षेत्रमा तत्काल पर्याप्त खोप र स्वास्थ्यकर्मी परिचालन गरी रोग नियन्त्रणमा विशेष ध्यान दिन आग्रह गरेका छन् ।

उनका अनुसार समयमै खोप अभियान प्रभावकारी बनाउन सके दादुराको थप फैलावट रोक्न सकिनेछ ।

प्रदेश विकास खर्च २४ प्रतिशतमा सीमित

काँक्रेविहार संवाददाता
हुम्ला, २० जेठ

कर्णाली प्रदेश सरकारअन्तर्गत जिल्लामा रहेका विकासे कार्यालयहरूले चालु आर्थिक वर्षका १० महिनामा २४ प्रतिशत मात्र पूँजीगत खर्च गरेका छन् ।

जिल्लामा हरेक वर्ष असार मसान्तमा मात्र विकासे बजेट खर्च हुने प्रवृत्ति यस वर्ष पनि दोहोरिएको देखिएको छ ।

प्रदेश सरकारले १८ वटा कार्यालय मार्फत जिल्लाका लागि पठाएको एक अर्ब ६४ करोड १३ लाख २२ हजार रुपियाँ पूँजीगत बजेटमध्ये २४ प्रतिशत मात्र खर्च भएको प्रदेश लेखा इकाइका प्रमुख रामदत्त पाण्डेले जानकारी दिए । उनका अनुसार कुल निकासा भएको बजेटमध्ये १० महिनामा ३९ करोड ९७ लाख ६७ हजार तिन सय ९५ रुपियाँ ९० पैसा मात्र खर्च भएको छ ।

विकासे बजेट कार्यान्वयनको अवस्था निराशाजनक देखिएको उनको भनाइ छ । चालु खर्चतर्फ प्रदेशबाट जिल्लामा आएको ६७ करोड ३६ लाख ३४ हजार नौ सय ९० रुपियाँमध्ये ४१ प्रतिशत खर्च भएको छ । उक्त शीर्षकमा २७ करोड ३४ लाख १७ हजार २२१ रुपियाँ ५३ पैसा खर्च भएको प्रदेश लेखा इकाइले जनाएको छ ।

विकास आयोजनामा काम भए पनि भुक्तानी प्रक्रियामा ढिलाइ भएकाले खर्च कम देखिएको पाण्डेले बताए ।

त्यसैगरी जिल्लाका सातवटै स्थानीय तहमा आएको ३५ करोड १९ लाख ३४ हजार रुपियाँ चालु बजेटमध्ये १३ करोड १५ लाख ७४ हजार ६२७ रुपियाँ ९० पैसा मात्र खर्च भएको छ ।

पुँजीगततर्फ एक लाख ५० हजार रुपियाँमध्ये ६० हजार रुपियाँ खर्च भएको छ । प्रदेश मातहतका विकासे कार्यालयमध्ये सबैभन्दा बढी बजेट भएको पूर्वाधार विकास कार्यालयको ८९ करोड एक लाख ६० हजार रुपियाँ पुँजीगत बजेटमध्ये २० करोड २४ लाख ४३ हजार नौ सय ५१ रुपियाँ खर्च भएको छ । त्यसैगरी खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयको ४५ करोड ७१ लाख ७८ हजार रुपियाँमध्ये १२ करोड ३६ लाख ४९ हजार तिन सय ४६ रुपियाँ ९० पैसा खर्च भएको छ ।

कृषि विकास कार्यालयको तीन करोड १५ लाख ७० हजार रुपियाँमध्ये २८ लाख १३ हजार आठ सय ७० रुपियाँ खर्च भएको छ ।

पशु अस्पताल तथा पशु सेवा कार्यालयको ४० लाख रुपियाँ पुँजीगत बजेटमध्ये दुई लाख ९९ हजार ८९० रुपियाँ तथा चार करोड ३३ लाख ४३ हजार रुपियाँ चालुतर्फको बजेटमध्ये ७८ लाख ५६ हजार ७६४ रुपियाँ ९० पैसा खर्च भएको छ ।

प्रदेश विनियोजन ऐनमा देखिएका समस्याका कारण पनि बजेट खर्च प्रभावित भएको बताइएको छ ।

डिभिजन वन कार्यालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जिल्ला समन्वय समिति, स्वास्थ्य सेवा कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र र सामाजिक विकास कार्यालयमा पनि न्यून पुँजीगत खर्च देखिएको छ ।

गर्मी बढेसँगै माटोका भाँडाको माग उच्च

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २० जेठ

गर्मी बढ्दै जाँदा नेपालगन्ज र आसपासका क्षेत्रमा माटोका भाँडाको प्रयोग र माग उल्लेख्य रूपमा बढेको छ ।

विशेषगरी गाग्री, सुराही र घैंटोमा पानी राखेर पिउने परम्परागत अभ्यास पुनः लोकप्रिय बन्दै गएको छ । फ्रिजको अत्यधिक चिसो पानीभन्दा माटोको भाँडामा राखिएको पानी स्वास्थ्यका लागि लाभदायी हुने विश्वासले उपभोक्ताहरूको आकर्षण बढेको व्यवसायीहरूको भनाइ छ ।

नेपालगन्जको त्रिभुवन चोकमा माटोका भाँडा बिक्री गर्दै आउनुभएका सुशिल कुम्हालका अनुसार पछिल्लो एक महिनादेखि घैंटो, सुराही र गाग्री लिन आउने ग्राहकको संख्या उल्लेख्य रूपमा बढेको छ । मागअनुसार भाँडा उत्पादन गर्न नसक्दा केही ग्राहक रित्तै फर्कनु परेको उनले बताए ।

गर्मी बढेसँगै दैनिक बिक्री पनि उल्लेख्य रूपमा वृद्धि भएको उनको भनाइ छ । त्यसैगरी नेपालगन्ज आठ कुम्हारन टोलमा आफ्नै घरबाट माटोका भाँडा निर्माण तथा बिक्री गर्दै आउनुभएका रमेश कुम्हालले पनि पछिल्लो समय माग अत्यधिक बढे पनि कच्चा पदार्थ (माटो) अभावका कारण उत्पादनमा समस्या भइरहेको बताए । माटो पर्याप्त रूपमा उपलब्ध नहुँदा चाहेजति भाँडा उत्पादन गर्न नसकिएको र यसले परम्परागत पेसा नै संकटमा परेको उनको गुनासो छ । उनका अनुसार माटोको आपूर्ति नियमित नहुँदा उत्पादन प्रक्रिया प्रभावित भएको छ । उत्पादन घटे पनि माग भने बढ्दै गएको छ, जसले व्यवसायीलाई बजार व्यवस्थापनमा कठिनाइ भएको छ । उता उपभोक्ताहरूले माटोका भाँडामा राखिएको पानी सस्तो, स्वादिलो र स्वास्थ्यका लागि लाभदायी हुने भएकाले यसको प्रयोग बढ्दै गएको बताएका छन् ।



कर्णाली करिडोरमा सेनाद्वारा नयाँ सडक ट्र्याक निर्माण तीव्र

काँक्रेविहार संवाददाता
सुर्खेत, २० जेठ

नेपाली सेनाले कर्णाली करिडोर अन्तर्गत कालीकोटको खुलालुदेखि हुम्लाको सलीसल्ला सम्मको सडक खण्डमा पर्ने घाटाचौर-भुक्काखोला क्षेत्रमा नयाँ सडक ट्र्याक निर्माण कार्यलाई तीव्र बनाएको छ । चट्टानी भिर काटेर निर्माण भइरहेको यो सडकले यात्राको दूरी र समय दुवै घटाउने अपेक्षा गरिएको छ । नेपाली सेनाको कर्णाली करिडोर सडक निर्माण कार्यदलका अनुसार घाटाचौरदेखि बद्रीगाउँ हुँदै भुक्काखोला सम्मको ११ दशमलव पाँच किलोमिटर सडकमध्ये हालसम्म आठ किलोमिटर भागमा ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको छ । यससँगै सेनालाई दिइएको कुल जिम्मेवारीमध्ये करिब ७५ प्रतिशत निर्माण कार्य पूरा भएको जनाइएको छ ।

सडक विभागको सिफारिसमा निर्माण सुरु गरिएको यो सडक हाल सञ्चालनमा रहेको पुरानो मार्गभन्दा छोटो र सहज हुने बताइएको छ ।यसअघि निर्माण गरिएको सडक लामो हुनुका साथै उकालो-ओरालो धेरै भएकाले नयाँ ट्र्याक खोल्ने निर्णय गरिएको हो । सरकारले आर्थिक वर्ष २०७८/७९ मा उक्त चट्टानी भिर क्षेत्रमा सडक निर्माणको जिम्मेवारी नेपाली सेनालाई दिएको थियो । सोही अवधिमा हुम्लाको दुल्लीकुना-लालीबगर खण्डको सडक निर्माणको जिम्मा पनि सेनाले पाएको थियो । तर त्यसबेला हुम्लाको सदरमुकाम सिमकोट राष्ट्रिय सडक सञ्जालसँग पूर्ण रूपमा नजोडिएकाले घाटाचौर-भुक्काखोला सडक निर्माणले अपेक्षित गति लिन सकेको थिएन ।



गत आर्थिक वर्षमा कर्णाली करिडोरको हुम्ला खण्डको मुख्य सडक निर्माण सम्पन्न भएपछि सेनाले यो खण्डमा कामको गति बढाएको जनाएको छ । हालसम्म निर्माण भएको सडकको अधिकांश भाग चट्टानी भूभागमा पर्ने भएकाले ६० देखि ७० प्रतिशत क्षेत्रमा विस्फोट गरी ट्र्याक खोलिएको छ । सडकको औसत चौडाइ छ मिटर राखिएको छ । निर्माणाधीन सडकको बाँकी तिन दशमलव पाँच किलोमिटर खण्ड पूरा गर्न आगामी आर्थिक वर्षका लागि आवश्यक बजेट माग गरिएको सेनाले जनाएको छ । बाँकी क्षेत्र पनि अत्यधिक चट्टानी भएकाले विस्फोट प्रविधिबाटै सडक निर्माण गर्नुपर्ने अवस्था रहेको छ ।

नेपाली सेनाका अनुसार सरकारले आवश्यक बजेट उपलब्ध गराए आगामी आर्थिक वर्षभित्र सम्पूर्ण सडक निर्माण सम्पन्न गर्न सकिनेछ ।

नयाँ सडक सञ्चालनमा आएपछि हालको मार्गको तुलनामा यात्रा समय करिब एक घण्टासम्म घट्ने अपेक्षा गरिएको छ ।

कर्णाली नदी किनार हुँदै निर्माण भइरहेको यो सडक कर्णाली करिडोरलाई थप व्यवस्थित र सहज बनाउने महत्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको छ ।

स्थानीयवासी तथा यात्रुहरूले पनि सडक निर्माण सम्पन्न भएपछि आवागमन र ढुवानीमा उल्लेखनीय सहजता आउने विश्वास व्यक्त गरेका छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

अन्तिम समयमा सम्हालिन नसक्दा नेपाल बंगलादेशसँग पराजित



काँक्रेविहार संवाददाता

काठमाडौं, २० जेठ

साफ महिला च्याम्पियनसिप अन्तर्गत नेपाल पराजित भएको छ।

भर्खरै सम्पन्न खेलमा नेपाल बंगलादेशसँग २-१ गोलले स्तब्ध बनेको हो।

बराबरीमा खेलिरहेको नेपालले अन्तिम समयमा गोल खान पुग्यो।

इन्जुरी समयमा ९३ औं मिनेटमा सगोरिकाले गोल गर्दै बंगलादेशलाई तेस्रोपटक फाइनलमा पुर्याइन्। नेपाली डिफेन्डरहरुले बल क्लियर गर्न नसक्दा त्यसको फाइदा उनले उठाइन्।

२२ औं मिनेटमा गीता रानाले गोल गर्दै नेपाललाई सुरुआती अग्रता दिलाएकी थिइन्। दीपा शाहीको कर्नरबाट आएको बलमा गीताले गोल गरेकी हुन्।

४६ औं मिनेटमा ऋतु पोर्ना चक्माले नेपालाई 'चक्मा' दिइन्। उनले कर्नरबाट सिधै गोल गर्दै बंगलादेशलाई बराबरीमा ल्याइन्।

नेपालकी गोलकिपर एञ्जिला तुम्बाप्पो सुब्बाले बललाई पञ्च गरेपनि पोस्टबाहिर पुर्याउन सकिनन्।

नेपालले भुटानलाई १-० र श्रीलंकालाई २-० ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको थियो।

जितसँगै फाइनलमा स्थान बनाएको बंगलादेशले घरेलु टोली भारत र भुटानबीचको विजेतासँग उपाधिका लागि भिड्नेछ।

भायानेटको वाईफाई ६ इन्टरनेट र भायाटिभीसँगै अब स्टेडियम घरमै



काँक्रेविहार संवाददाता

काठमाडौं, २० जेठ

भायानेट कम्युनिकेसन्सले वाईफाई ६ प्रविधिसहितको २५० एमबिपिएस इन्टरनेट प्याकेज १३ हजार ८०० रुपैयाँ प्रतिवर्ष (करसहित) उपलब्ध गराएको छ।

कम्पनीका अनुसार यस अफरअन्तर्गत २ हजार ८२५ रुपैयाँ पर्ने वाईफाई ६ ओएनयू जडान शुल्क नलाग्ने र १ हजार रुपैयाँ डिपोजिट मात्र लाग्नेछ।

ग्राहकले यस प्याकेजसँगै भायाटिभी २५० रुपैयाँ प्रति महिना करसहितमा थप गर्न सक्ने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार भायाटिभीमा २०० भन्दा बढी च्यानल, प्रत्यक्ष टिभी रोक्ने र फेरि चलाउने सुविधा, कार्यक्रम तालिका, चलचित्र, सिरिज लगायतका मनोरञ्जन सुविधा उपलब्ध छन्।

साथै, वार्षिक प्याकेज लिने ग्राहकले पहिलो सेट-टप-बक्सका लागि २ हजार २६० रुपैयाँ पर्ने शुल्क नलाग्ने सुविधा पाउनेछन्। सेट-टप-बक्सका लागि १ हजार रुपैयाँ डिपोजिट लाग्नेछ।

भायानेटले डामी एपसँग पनि सहकार्य गरेको जनाएको छ। यस अफरअन्तर्गत वार्षिक प्याकेज नवीकरण गर्ने ग्राहकले १ हजार ५०० रुपैयाँ बराबरको १ वर्षको डामी सदस्यता निःशुल्क पाउनेछन्। डामी एपमार्फत रेस्टुरेन्ट, कपडा पसल, सैलुन, खुद्रा पसल लगायत विभिन्न ठाउँमा आकर्षक छुट पाउन सकिन्छ र यो सुविधा हाल काठमाडौं, पोखरा र चितवनमा लागू हुनेछ।

भायानेटले फुटबल विश्वकप २०२६ हेर्न आवश्यक कुपन पनि उपलब्ध गराएको छ। ग्राहकले ९९९ रुपैयाँ प्रति टिभी तिरेर भायाटिभीमार्फत हिमालय स्पोर्ट्स च्यानलमा विश्वकपका खेल प्रत्यक्ष हेर्न सक्नेछन्।

जनहितमा जारी सूचना

- यस प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना व्यवस्थापन इकाइ, सुर्खेतको कार्यक्षेत्रभित्र निर्माणाधीन तथा स्तरोन्नति भइरहेका सडक आयोजनाहरूको गुणस्तरीय, सुरक्षित र समयमै सम्पन्नताका लागि सम्बन्धित सडक क्षेत्रमा यात्रा गर्दा विशेष सावधानी अपनाउन सम्पूर्ण सर्वसाधारण, सवारी चालक तथा सरोकारवालाहरूमा अनुरोध गरिन्छ।
- सडक निर्माण तथा मर्मतसम्भारका क्रममा कतिपय स्थानमा सडक आंशिक वा पूर्ण रूपमा अवरुद्ध हुन सक्ने, भारी उपकरण सञ्चालनमा रहने तथा निर्माण सामग्री ओसार पसार भइरहने भएकाले तोकिएका वैकल्पिक मार्ग प्रयोग गर्न र ट्राफिक संकेतहरूको पालना गर्न आग्रह गरिन्छ।
- साथै, निर्माणाधीन सडक क्षेत्रमा अनधिकृत रूपमा संरचना निर्माण नगर्न, सडक किनारामा फोहोर तथा निर्माण सामग्री नफाल्न र आयोजना कार्यान्वयनमा सहयोग पुऱ्याइदिन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।
- सडक पूर्वाधारको संरक्षण र सुरक्षित आवागमन सबैको साझा दायित्व भएकाले निर्माण कार्यमा आवश्यक सहयोग तथा समन्वय गरिदिनुहुन अनुरोध छ।

प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना व्यवस्थापन इकाइ

वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२१

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मोहनलाल वि.क.** धनी रहेको, **दर्ता नम्बर** १४३१५/०८१/०८२ बाट **वीरेन्द्रनगर-१२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सेन्टर प्वाइन्ट सेकुवा कर्नर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२१

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री प्रेमबहादुर सुनार** धनी रहेको, **दर्ता नम्बर** ९३३७/०७८/०७९ बाट **वीरेन्द्रनगर-८ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **प्रेम सुन चाँदी उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)